# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ माघ  २३ गते

## 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी कानुनको परिपूरकमात्र : आयोग

प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर आफू मातहतका अधिकृतहरूलाई निर्देशन दिनुभएको भन्नेबारे केही दिनअघि प्रकाशित समाचारको विषयलाई लिएर राष्ट्रिय मानव अधिकार आयोगले उहाँसँग मंगलबार जानकारी लिएको छ ।

सो अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'सत्य निरूपण तथा मेलमिलाप आयोग' मानव अधिकारविरुद्धको अपराधको कानुनी कारबाहीको विकल्प हुन सक्दैन भन्नुभयो ।

अध्यक्ष उपाध्यायले 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी न्यायको परिपूरकमात्र हो भन्दै बन्दै नबनेको 'सत्य निरूपण तथा मेलमिलाप अयोग' लाई अघि सारेर  अपराधिक प्रकृतिका मुद्दाको कारबाही प्रक्रिया कुनै पनि तहबाट अवरुद्ध गर्न नमिल्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा आयोगका सदस्य रामनगिना सिंहले तराइका कतिपय घटनामा नक्कली भीडन्त खडा गरेर अभियुक्तलाई मार्ने गरिएको जानकारी आफूहरूले पाएको बताउँदै अभियुक्तको बाँच्ने अधिकारको सम्मान गर्न पनि आग्रह गर्नुभयो ।

आयोगका सदस्य गौरी प्रधानले नेपालले दण्डविहीनताको इतिहास मेट्न आवश्यक छ भन्दै 'सत्य निरूपण तथा मेलमिलाप अयोग' को नाममा विद्यमान फौजदारी न्याय प्रणालीलाई मिच्न नमिल्ने धारणा अघि सार्नुभयो ।

उहाँले मुद्दा फिर्ता लिन 'सत्य निरूपण तथा मेलमिलाप आयोग' नचाहिने र मुद्दाउपर कारबाही अघि बढाउनचाहिँ त्यही आयोग चाहिने भन्ने सरकारको विरोधाभाषपूर्ण कार्यशैली आश्चर्यलाग्दो भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा बोल्दै प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले आफू कानुन कार्यान्वयन गर्ने जिम्मेवार पदमा रहेकोले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर निर्देशन दिने दुस्साहस कहिल्यै नगरेको बताउनुभयो । उहाँले प्रहरी संगठन मानव अधिकार र विधिको शासनप्रति पूर्ण बफादार रहेको विचार अघि सार्नुभयो ।

उक्त अवसरमा अपराध अनुसन्धान प्रक्रियामा विधिसम्मत र मानव अधिकारमैत्री अवधारणा अंगिकार गर्दै प्रहरी संगठनभित्र मानव अधिकारसम्बन्धी तालिम र व्यवहारलाई संस्थागत गर्न आयोगले निर्देशन दियो ।

(विशाल खनाल)
सचिव